# एकीकृत कानूनी सहायता नीति, २०७६

*(नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/०९/१४ को निर्णयबाट स्वीकृत)*

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

# एकीकृत कानूनी सहायता नीति, २०७६

## १. पृष्ठभूमि :

नेपालको संविधानले न्याय सम्बन्धी हक अन्तर्गत असमर्थ पक्षलाई कानूनमा व्यवस्था भएबमोजिम निःशुल्क कानूनी सहायता पाउने हकको प्रत्याभूति गरेको छ । साथै पक्राउ परेका व्यक्तिलाई पक्राउ परेको समय देखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक समेत प्रत्याभूत छ । असमर्थ पक्षलाई कानूनी सहायता उपलब्ध गराउने सम्बन्धमा संयुक्त राष्ट्र सङ्घबाट ग्रहण गरिएका मानव अधिकारको विश्वव्यापी घोषणापत्र तथा फौजदारी न्याय प्रणालीमा कानूनी सहायतामा पहुँच सम्बन्धी सिद्धान्तहरुलाई अवलम्बन गर्नुका साथै मानव अधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिमा पक्ष बनी नेपालले आफ्नो प्रतिबद्धता जनाएको छ । अतः न्यायमा आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्गको समान र सहज पहुँचका लागि निःशुल्क कानूनी सहायता उपलब्ध गराउनु राज्यको दायित्व हो ।

सङ्घीय राज्य व्यवस्थामा निःशुल्क कानूनी सहायता उपलब्ध गराउनको लागि सङ्घ, प्रदेश तथा स्थानीय तहको समन्वयात्मक तथा प्रभावकारी भूमिकाको पहिचान गरी स्पष्ट नीतिगत व्यवस्था गर्न आवश्यक छ । नेपाल सरकार, न्यायपालिका, नेपाल बार एशोसिएशन तथा अन्य निकायबाट निःशुल्क कानूनी सहायता उपलब्ध गराईंदै आएको भए तापनि कानूनी सहायताको गुणस्तरमा अभिबृद्धि गर्न र यसको दायरा विस्तार गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउनु पर्ने आवश्यकता महसुस गरी एकीकृत कानूनी सहायता सम्बन्धी यो नीति तर्जुमा गरिएको छ ।

## २. विगतमा भएका प्रयास :

मुद्दामा कानून व्यवसायी राख्न असमर्थ पक्षका तर्फबाट सरकारी खर्चमा वैतनिक कानून व्यवसायी राख्न पाउने व्यवस्थाको शुरुवात सर्वोच्च अदालतबाट वि.सं. २०१५ साल देखि भएको हो । शुरुमा सर्वोच्च अदालतमा मात्र वैतनिक कानून व्यवसायीको व्यवस्था गरी निःशुल्क कानूनी सहायता प्रदान गरिएकोमा हाल यस्तो सेवालाई सबै तहका अदालतसम्म विस्तार गरिएको छ । अदालतमा दायर भएका मुद्दामा कानून व्यवसायी राख्न असमर्थ पक्षको तर्फबाट अदालतको आदेश बमोजिम वैतनिक कानून व्यवसायीबाट प्रतिनिधित्व गराउने गरिएको छ । अदालती कारबाही सम्बन्धी नियमावलीहरुमा अदालतबाट उपलब्ध हुने वैतनिक कानून व्यवसायी तथा अदालतले अन्य कानून व्यवसायीलाई असमर्थ पक्षको तर्फबाट प्रतिनिधित्व गर्न आदेश दिनसक्ने व्यवस्था गरिएको छ ।

नेपाल बार एशोसिएशनले सन् १९८७ देखि नै विभिन्न जिल्लामा निःशुल्क कानूनी सहायता उपलब्ध गराउँदै आएको छ । त्यसैगरी, स्वेच्छिक निःशुल्क कानूनी सेवा (प्रो वोनो) समेतलाई थप प्रभावकारी, व्यवस्थित र संस्थागत गर्नको लागि विभिन्न प्रयास भइरहेको छ ।

नेपाल अधिराज्यको संविधान, २०४७ ले कानूनी राज्यको सिद्धान्त अनुरुप सबैलाई समान रुपमा न्याय उपलब्ध गराउन असमर्थ पक्षको प्रतिनिधित्वको लागि निःशुल्क कानूनी सहायता उपलब्ध गराउने राज्यको नीति अवलम्बन गरी कानूनी सहायता सम्बन्धी अवधारणालाई संवैधानिक रुपमा आत्मसात गरेको थियो । उक्त संविधानले अङ्गिकार गरेको कानूनी सहायता सम्बन्धी नीति कार्यान्वयन गर्ने क्रममा आर्थिक र सामाजिक कारणबाट आफ्नो कानूनी हक हितको संरक्षण गर्न नसक्ने असमर्थ पक्षको न्यायमा पहुँच बढाउनको लागि कानूनी सहायता सम्बन्धी ऐन, २०५४ एवं कानूनी सहायता सम्बन्धी नियमावली,

२०५५ कार्यान्वयनमा रहेका छन् । संवत् २०५५ कार्तिक २३ गतेबाट उक्त ऐन शुरुमा नेपालका पाँचवटा जिल्लामा प्रारम्भ गरिएकोमा संवत् २०६६ असोज १ गते देखि सबै जिल्लामा लागू भइसकेको छ ।

विगतमा राज्यको निर्देशक सिद्धान्त तथा नीति अन्तर्गत रहेको निःशुल्क कानूनी सहायतालाई नेपालको अन्तरिम संविधान, २०६३ ले पहिलो पटक मौलिक हकको रुपमा स्थापित गर्दै असमर्थ पक्षको लागि कानूनमा व्यवस्था भए बमोजिम निःशुल्क कानूनी सहायता उपलब्ध गराइने व्यवस्था गरेको थियो । नेपालको संविधानले पनि असमर्थ पक्षलाई कानून बमोजिम निःशुल्क कानूनी सहायता उपलब्ध गराउने व्यवस्था गरेको छ ।

## ३. **वर्तमान स्थिति** :

नेपालको संविधानको धारा २० को उपधारा (१०) मा असमर्थ पक्षलाई कानून बमोजिम निःशुल्क कानूनी सहायता पाउने हकलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ । त्यसैगरी कानूनी सहायता सम्बन्धी ऐन, २०५४ (यसपछि 'ऐन' भनिएको) मा कानूनी सहायता संयन्त्रको रुपमा केन्द्रीय स्तरमा केन्द्रीय कानूनी सहायता समिति र जिल्लास्तरमा जिल्ला कानूनी सहायता समितिको व्यवस्था रहेको छ । ऐन जारी भएको शुरुका दिनमा निःशुल्क कानूनी सहायता प्राप्त गर्नको लागि वार्षिक चालीस हजार रुपैयाँ भन्दा कम आय भएका व्यक्तिलाई मात्र आयको सिफारिसको आधारमा निःशुल्क कानूनी सहायता उपलब्ध गराईने व्यवस्था रहेकोमा उक्त ऐनमा संवत् २०७२ सालमा भएको संशोधनबाट लैङ्गिक हिंसा र सशस्त्र द्वन्द्वबाट पीडित व्यक्तिलाई आयको हद नलाग्ने व्यवस्था गरिएको छ । निःशुल्क कानूनी सहायता उपलब्ध गराउनको लागि केन्द्रीय कानूनी सहायता समिति तथा जिल्ला कानूनी सहायता समितिको व्यवस्था गरिएको छ । जिल्ला कानूनी सहायता कार्यालय रहेका जिल्लामा कर्मचारीको समेत काम गर्ने गरी एक जना अधिवक्ताको व्यवस्था रहेको छ।

त्यसैगरी जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३, घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ तथा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ लगायतका ऐनहरुमा जेष्ठ नागरिक, घरेलु हिंसा पीडित तथा अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउने गरी विशेष व्यवस्था गरिएको छ ।

साथै राष्ट्रिय महिला आयोग, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, अन्य सरकारी निकाय, नेपाल बार एशोसिएशन र अन्य गैरसरकारी संस्थाको तर्फबाट समेत निःशुल्क कानूनी सहायता उपलब्ध गराउँदै आएको पाइन्छ ।

अदालतबाट निःशुल्क कानूनी सहायता उपलब्ध गराउने प्रयोजनको लागि वैतनिक कानून व्यवसायीको व्यवस्था गरी असमर्थ पक्षको लागि त्यस्ता कानून व्यवसायीबाट प्रतिनिधित्व गराउने व्यवस्था निःशुल्क कानूनी सहायताको एक महत्वपूर्ण र प्रभावकारी पक्षको रुपमा रहेको छ । यसका लागि हाल सर्वोच्च अदालतमा दुई जना र उच्च अदालत तथा जिल्ला अदालतमा एक एकजना वैतनिक कानून व्यवसायी रहने व्यवस्था मिलाइएको छ । वैतनिक कानून व्यवसायीको सेवालाई मुद्दाका पक्षहरुको तर्फबाट इजलाश समक्ष बहस पैरवी गर्ने मात्र नभई आवश्यकता अनुसार कानूनी लिखत तयारी, परामर्श सेवा, साक्षी परीक्षणका साथै असमर्थ पक्षको तर्फबाट तारेख समेत लिने गरी निःशुल्क कानूनी सहायता सेवाको विस्तार भएको छ ।

## ४. **समस्या तथा चुनौती** :

उपलब्ध सीमित स्रोत र साधनको उच्चतम उपयोग गरी एकीकृत, प्रभावकारी तथा गुणस्तरीय सेवा प्रदान गरी न्यायको पहुँचमा सबैको समान अवसरको सिर्जना गर्ने तथा संविधान प्रदत्त मौलिक हक सुनिश्चित गरी निःशुल्क कानूनी सहायताको क्षेत्र विस्तार र प्रभावकारीतामा अभिवृद्धि गर्नु यस क्षेत्रको चुनौतिको रुपमा रहेको छ । साथै नागरिक समाज, सञ्चार माध्यम, नेपाल बार एशोसिएसन तथा मानव अधिकारको क्षेत्रमा काम गर्ने संस्थाहरु समेतको सहकार्य र समन्वयमा निःशुल्क कानूनी सहायता प्रणालीको विकास गर्न आवश्यक भएको छ ।

पछिल्ला दिनमा नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी महासन्धिहरुको कार्यान्वयन गर्न, लैङ्गिक हिंसाबाट पीडित महिला, बालबालिका तथा सशस्त्र द्वन्दबाट पीडित व्यक्तिलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउने विस्तृत व्यवस्था गर्न, सामाजिक कानूनी सहायता उपलब्ध गराउने व्यवस्था गर्न, अदालतमा सीमित रहेको यो सेवालाई अर्धन्यायिक निकाय समेतमा विस्तार गर्नका लागि विभिन्न विश्वविद्यालयका कानून सङ्कायमा अध्ययनरत विद्यार्थी, कानून व्यवसायी, गैरसरकारी सङ्घ संस्था समेतको सहभागितामा एकीकृत निःशुल्क कानूनी सहायता प्रणाली विकास गर्नु पर्ने भएको छ ।

## ५. **नीतिको आवश्यकता** :

कानूनी सहायता सम्बन्धी ऐन, २०५४ मा रहेको निःशुल्क कानूनी सहायता उपलब्ध गराउनको लागि असमर्थ पक्ष पहिचानको आधार व्यवहारिक तथा वैज्ञानिक रहेको छैन । असमर्थ पक्षको पहिचान गर्दा आर्थिक पक्षलाई मात्र एकल आधारको रुपमा लिने गरिएको छ भने सामाजिक पक्षलाई आधार लिने व्यवस्था रहेको छैन । एकातर्फ उपलब्ध गराइएको निःशुल्क कानूनी सहायता प्रतिस्पर्धी र गुणस्तरीय नभएको जनगुनासो छ भने अर्कोतर्फ निःशुल्क कानूनी सहायताको लागि संस्थागत तथा भौतिक पूर्वाधारको कमी, दक्ष तथा अनुभवी जनशक्तिको अभाव पनि देखिएको छ । निःशुल्क कानूनी सहायता प्रदान गर्दा सरोकारवाला पक्ष बीच समन्वय हुन नसकेको, सेवाको प्रभावकारी अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली अवलम्बन हुन नसकेको तथा निःशुल्क कानूनी सहायता प्रदान गरिएको मुद्दाको अभिलेख तथा विवरण व्यवस्थित हुन नसकेको कारणबाट निःशुल्क कानूनी सहायता प्रभावकारी एवम् पारदर्शी रुपमा उपलब्ध गराउन समस्या रहेको छ । त्यसैगरी विभिन्न निकायबाट समेत आ-आफ्नै तरिकाले निःशुल्क कानूनी सहायता प्रदान गर्ने व्यवस्थाले स्रोत साधनको दोहोरोपना भई एकीकृत र प्रभावकारी निःशुल्क कानूनी सहायता उपलब्ध हुन सकेको छैन ।

नेपाल सरकारले वार्षिक नीति तथा कार्यक्रम र पन्ध्रौ योजनाको आधारपत्रमा समेत एकीकृत कानूनी सहायता नीति अवलम्बन गर्ने कार्यक्रमलाई महत्वका साथ समावेश गरिएको छ । सर्वोच्च अदालतको चौथो रणनीतिक योजनाले कानूनी सहायतालाई प्रभावकारी बनाउन बैतनिक कानून व्यवसायीको सेवा सम्बन्धी निर्देशिकालाई पुनरावलोकन गरी थप प्रभावकारी बनाउने, स्वेच्छिक निःशुल्क कानूनी सेवा सञ्चालन निर्देशिका कार्यान्वयन गर्ने तथा स्वेच्छिक निःशुल्क कानूनी सेवालाई कानूनी सेवा प्रदान गर्ने कानून व्यवसायीहरूको सूची अद्यावधिक गरी विद्युतीय माध्यम तथा अदालत र बार एशोसिएशनको सूचना पाटीमा प्रकाशन गर्ने लगायतका कार्य गर्ने लक्ष्य राखेको छ । त्यसैगरी सरकारी वकीलको प्रथम राष्ट्रिय सम्मेलन, नेपाल बार एशोसिएशनको तेह्रौं राष्ट्रिय

सम्मेलन समेतबाट विद्यमान निःशुल्क कानूनी सहायता सम्बन्धी कानून, नीति तथा अभ्यासमा पुनरावलोकन र आवश्यक नीति तथा कानूनको निर्माण गरी एकीकृत कानूनी सहायता प्रणाली लागू गर्न नेपाल सरकारलाई आह्वान गरिएको छ ।

घरेलु तथा लैङ्गिक हिंसाबाट पीडित महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, द्वन्द पीडित समेतलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउने नीति राज्यले लिएको अवस्थामा हाल उपलब्ध निःशुल्क कानूनी सहायता प्रभावकारी तथा पर्याप्त हुन नसकेको र गैरसरकारी संस्था तथा एक भन्दा बढी सरकारी निकायबाटै आ-आफ्नै रुपबाट निःशुल्क कानूनी सहायता उपलब्ध गराउने वर्तमान व्यवस्थालाई सुधार गरी एकीकृत र प्रभावकारी निःशुल्क कानूनी सहायता प्रणालीको विकास गरी सामाजिक तथा आर्थिक रुपले असमर्थ पक्षलाई न्यायमा समान पहुँच सुनिश्चित गर्न यस क्षेत्रमा नीतिगत रुपमै व्यापक सुधार गर्न आवश्यक देखिएको छ । उल्लिखित विषयहरुलाई मध्यनजर गर्दा निःशुल्क कानूनी सहायताको सम्बन्धमा एकीकृत नीतिको आवश्यकता महसुस गरिएको छ ।

## ६. **लक्ष्य** :

आर्थिक तथा सामाजिक कारणबाट आफ्नो कानूनी हकहित संरक्षण गर्न असमर्थ पक्षका लागि देवानी तथा फौजदारी विषयमा सरकारी तथा गैरसरकारी क्षेत्रको सहकार्यमा एकीकृत रुपमा गुणस्तरीय निःशुल्क कानूनी सहायता उपलब्ध गराई न्यायमा पहुँच अभिवृद्धि गर्ने ।

## ७. **उद्देश्य** :

१. निःशुल्क कानूनी सहायता पाउने मौलिक हकको प्रभावकारी कार्यान्वयन गर्न आर्थिक तथा सामाजिक कारणबाट आफ्नो कानूनी हकहित संरक्षण गर्न असमर्थ पक्षलाई सहज रुपमा गुणस्तरीय निःशुल्क कानूनी सहायता उपलब्ध गराउने,

२. निःशुल्क कानूनी सहायताको क्षेत्र र दायरालाई विस्तार गर्दै एकीकृत सामाजिक-कानूनी सहायता प्रणालीको विकास गर्ने ।

## ८. **नीति** :

१. आर्थिक तथा सामाजिक रुपले असमर्थ पक्षको पहिचानका आधारलाई व्यवहारिक र वैज्ञानिक बनाउने, (उद्देश्य १)

२. आर्थिक तथा सामाजिक रुपमा असमर्थ पक्ष, घरेलु तथा लैङ्गिक हिंसाबाट पीडित महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, द्वन्द्व पीडित (यस पछि “खास प्रकृतिका मुद्दा र अवस्थाका” भनिएको) पक्षले सहज रुपमा निःशुल्क कानूनी सहायता पाउने व्यवस्था गर्ने, (उद्देश्य १)

३. स्थानीय न्यायिक समितिसँगको समन्वय र सहकार्यमा स्थानीय तहमा नै कानूनी शिक्षा सचेतना तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने, (उद्देश्य १)

४. कानूनी सहायता सेवा प्रदायकको लागि आवश्यक पर्ने न्यूनतम योग्यता निर्धारण गरी त्यस्तो सेवा प्रदान गर्ने व्यवस्था मिलाउने, (उद्देश्य १)

५. कानून व्यवसायी तथा मनोसामाजिक परामर्श सेवा प्रदायकको जिल्लास्तरमा विषयगत सूची तयार गरी विषय विज्ञताको आधारमा निःशुल्क कानूनी सहायता उपलब्ध गराउने, (उद्देश्य १)

६. निःशुल्क कानूनी सहायता सेवा प्रदायकको क्षमता अभिवृद्धि गर्ने, (उद्देश्य १)

७. बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रुपमा ध्यान दिई निःशुल्क कानूनी सहायता उपलब्ध गराउने, (उद्देश्य १)

८. कानूनी सहायता सम्बन्धी ऐन, २०५४ बमोजिमको केन्द्रीय कानूनी सहायता समिति तथा जिल्ला कानूनी सहायता समिति, न्यायपालिकाबाट उपलब्ध गराईएको वैतनिक कानून व्यवसायी, नेपाल बार एशोसिएशन, मानव अधिकार सम्बन्धी राष्ट्रिय संस्थाहरु, अन्य सरकारी निकाय तथा गैरसरकारी संस्थाबाट उपलब्ध गराईने निःशुल्क कानूनी सहायतालाई समेत समेटेर समन्वयात्मक रुपमा एकीकृत कानूनी सहायता उपलब्ध गराउने, (उद्देश्य २)

९. एकीकृत कानूनी सहायताको लागि सरोकारवाला निकायहरुको प्रतिनिधित्व रहने गरी आवश्यक संस्थागत व्यवस्था गर्ने, (उद्देश्य २)

१०. न्यायिक निकायका अतिरिक्त अर्धन्यायिक निकाय तथा विवाद समाधानका बैकल्पिक संयन्त्रहरुमा समेत निःशुल्क कानूनी सहायतालाई विस्तार गर्ने, (उद्देश्य २)

११. देवानी तथा फौजदारी मुद्दा मामिलाको सबै चरणमा निःशुल्क कानूनी सहायता उपलब्ध गराउने, (उद्देश्य २)

१२. गैरसरकारी क्षेत्रले सम्बन्धित जिल्ला कानूनी सहायता समितिसँग समन्वयमा रहेर निःशुल्क कानूनी सहायता उपलब्ध गराउने व्यवस्था गर्ने, (उद्देश्य २)

१३. एकीकृत कानूनी सहायताको लागि छुट्टै कोषको व्यवस्था गर्ने, (उद्देश्य २)

१४. सेवा प्रदायकको आचार संहिताको विकास गर्ने र कामको मूल्याङ्कनको आधारमा सेवा प्रदायकलाई पुरस्कार तथा कारबाहीको व्यवस्था गर्ने, (उद्देश्य २)

१५. एकीकृत कानूनी सहायता प्रणालीको लागि समन्वय, सहकार्य, अनुगमन, मूल्याङ्कन र प्रतिवेदन प्रणालीको विकास गर्ने । (उद्देश्य २)

## ९. **रणनीति** :

***नीति नं. १ (आर्थिक तथा सामाजिक रुपले असमर्थ पक्षको पहिचानका आधारलाई व्यवहारिक र वैज्ञानिक बनाउने) सँग सम्बन्धितः***

१. सम्बन्धित स्थानीय तहको सिफारिस वा प्रचलित कानून बमोजिम प्रदान गरिएको परिचयपत्रको आधारमा असमर्थ पक्षको रुपमा पहिचान गरी कानूनी सहायता प्रदान गर्ने,

२. ज्येष्ठ नागरिक, बालबालिका, घरेलु हिंसा, लैङ्गिक हिंसा तथा सशस्त्र द्वन्द्वबाट पीडित व्यक्ति र जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव सम्बन्धी कसूरबाट पीडित व्यक्तिलाई निजको निवेदनको आधारमा निःशुल्क कानूनी सहायता उपलब्ध गराउने,

३. आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका देहायका व्यक्तिले आफू असमर्थ पक्ष भनी दिएको निवेदनको आधारमा निजको असमर्थताको पहिचान गरी निजलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउनेः

(क) महिला,
(ख) दलित,
(ग) आदिवासी जनजाती,
(घ) मधेशी,
(ङ) थारु,
(च) अल्पसङ्ख्यक,
(छ) अपाङ्गता भएका व्यक्ति,

(ज) सीमान्तकृत,
(झ) मुस्लिम,
(ञ) पिछडा वर्ग,
(ट) लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक,
(ठ) आर्थिक रुपले विपन्न खस आर्य,
(ड) श्रमिक, किसान, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक ।

४. अदालतले निःशुल्क कानूनी सहायता उपलब्ध गराउन आदेश दिएको व्यक्तिलाई त्यस्तो सहायता उपलब्ध गराउने ।

***नीति नं. २ (आर्थिक तथा सामाजिक रुपमा असमर्थ पक्ष तथा खास प्रकृतिका मुद्दा र अवस्थाका पक्षले सहज रुपमा निःशुल्क कानूनी सहायता पाउने व्यवस्था गर्ने) सँग सम्बन्धित:***

५. लैङ्गिक हिंसा, घरेलु हिंसा, जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव सम्बन्धी कसूरबाट पीडितलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउने,
६. कानून व्यवसायी राख्न असमर्थ देवानी मुद्दाका पक्षहरु तथा फौजदारी मुद्दाका अभियुक्त वा प्रतिवादीलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउने,
७. कारागारमा रहेको थुनुवा वा कैदी बन्दीलाई सम्बन्धित कारागारको सिफारिसमा निःशुल्क कानूनी सहायता उपलब्ध गराउने,
८. सुनाई, स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई साङ्केतिक भाषाको माध्यमबाट निःशुल्क कानूनी सहायता उपलब्ध गराउने ।

***नीति नं. ३ (स्थानीय न्यायिक समितिसँगको समन्वय र सहकार्यमा स्थानीय तहमा नै कानूनी शिक्षा सचेतना तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने) सँग सम्बन्धित:***

९. जिल्ला कानूनी सहायता समितिले जिल्लाभित्र स्थानीय न्यायिक समितिसँग समन्वय र सहकार्य गरी कानूनी शिक्षा सचेतना, मनोसामाजिक परामर्श र अन्य आवश्यक सेवा सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्ने,
१०. कानूनी शिक्षा सचेतना, मनोसामाजिक परामर्श र अन्य आवश्यक सेवाका लागि विश्वविद्यालयमा कानून विषय अध्ययन गर्ने विद्यार्थी, नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित मन्त्रालय वा कार्यालय, स्थानीय तहका सामाजिक परिचालक वा स्वयं सेवकहरु परिचालन गर्ने,
११. विद्यालय तहका विद्यार्थी तथा स्थानीय समुदायलाई लक्षित गरी कानूनी शिक्षा सचेतना अभियान सञ्चालन गर्ने,
१२. कानूनी सहायता उपलब्ध गराउनको लागि घुम्ती कानूनी सहायता शिविर सञ्चालन गर्ने ।

***नीति नं. ४ (कानूनी सहायता सेवा प्रदायकको लागि आवश्यक पर्ने न्यूनतम योग्यता निर्धारण गरी त्यस्तो सेवा प्रदान गर्ने व्यवस्था मिलाउने) सँग सम्बन्धित:***

१३. निःशुल्क कानूनी सहायता उपलब्ध गराउने सेवा प्रदायकसँग परामर्श गरी कानूनी सहायताको प्रकृति बमोजिम त्यस्तो सेवा प्रदायकको न्यूनतम योग्यता निर्धारण गर्ने र त्यस्तो योग्यता भएका व्यक्ति मार्फत कानूनी सहायता उपलब्ध गराउने,
१४. निःशुल्क कानूनी सहायता उपलब्ध गराउने सेवाप्रदायकसँग परामर्श गरी त्यस्तो सेवा सञ्चालनको मापदण्ड निर्धारण गर्ने ।

***नीति नं. ५ (कानून व्यवसायी तथा मनोसामाजिक परामर्श सेवा प्रदायकको जिल्लास्तरमा विषयगत सूची तयार गरी विषय विज्ञताको आधारमा निःशुल्क कानूनी सहायता उपलब्ध गराउने) सँग सम्बन्धितः***

१५. निःशुल्क कानूनी सहायता उपलब्ध गराउनको लागि जिल्लामा उपलब्ध कानून व्यवसायीको विषय विज्ञता तथा समावेशी सिद्धान्तको आधारमा सूची (रोष्टर) तयार गर्ने,
१६. निःशुल्क कानूनी सहायता उपलब्ध गराउनको लागि जिल्लामा उपलब्ध बालमनोवेत्ता तथा मनोसामाजिक परामर्श सेवा प्रदायकको समावेशी सिद्धान्तको आधारमा सूची (रोष्टर) तयार गरी सो आधारमा सेवा उपलब्ध गराउने,
१७. लैङ्गिक हिंसा वा घरेलु हिंसा पीडित महिलालाई उपलब्ध भएसम्म महिला कानून व्यवसायी मार्फत निःशुल्क कानूनी सहायता उपलब्ध गराउने,
१८. नेपाल बार एशोसिएशन एवं कानून व्यवसायीलाई स्वेच्छिक रुपमा निःशुल्क कानूनी सेवा उपलब्ध गराउनको लागि प्रेरित गर्ने तथा त्यसको लागि कानून व्यवसायीको क्षमता विकास गर्ने ।

***नीति नं. ६ (निःशुल्क कानूनी सहायता सेवा प्रदायकको क्षमता अभिवृद्धि गर्ने) सँग सम्बन्धितः***

१९. निःशुल्क कानूनी सहायता उपलब्ध गराउने कानून व्यवसायी, जिल्ला कानूनी सहायता समितिका कर्मचारी एवं पदाधिकारीहरुको अनुभव आदान प्रदान गर्न तथा यस क्षेत्रमा रहेका समस्या र सोको समाधानको विषयमा समय समयमा तालीम तथा अन्तरक्रिया सञ्चालन गर्ने,
२०. जिल्ला कानूनी सहायता समितिलाई आवश्यक पर्ने वित्तीय तथा भौतिक स्रोत साधन उपलब्ध गराउने,
२१. वैतनिक कानून व्यवसायीको सेवा अवधि पाँच वर्षको हुने गरी नियुक्ति गर्ने तथा अर्धन्यायिक निकायमा समेत सेवा दिने व्यवस्था मिलाउने,
२२. वैतनिक कानून व्यवसायी वा जिल्ला कानूनी सहायता समितिका कानून व्यवसायीले अदालतमा प्रतिनिधित्व गर्दा वा कानूनी सहायता प्रदान गर्दा सन्तोषजनक रुपमा काम गरेको नपाइएमा हटाउन सक्ने कानूनी व्यवस्था गर्ने ।

***नीति नं. ७ (बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रुपमा ध्यान दिई निःशुल्क कानूनी सहायता उपलब्ध गराउने) सँग सम्बन्धितः***

२३. जिल्ला कानूनी सहायता समितिको भौतिक संरचनालाई अपाङ्गतामैत्री, बालमैत्री तथा लैङ्गिक मैत्री बनाउने,

२४. बालबालिका मैत्री कानूनी सहायताको लागि कानूनी सहायता प्रदायकलाई आवश्यक तालीम उपलब्ध गराउने,
२५. स्थानीय बालक्लब, विद्यार्थी तथा अभिभावकलाई लक्षित गरी कानूनी शिक्षा तथा निःशुल्क कानूनी सहायताको विषयमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

***नीति नं. ८ (कानूनी सहायता सम्बन्धी ऐन, २०५४ अन्तर्गतको केन्द्रीय कानूनी सहायता समिति तथा जिल्ला कानूनी सहायता समिति, न्यायपालिकाबाट उपलब्ध गराईएको वैतनिक कानून व्यवसायी, नेपाल बार एशोसिएशन, मानव अधिकार सम्बन्धी राष्ट्रिय संस्थाहरु, अन्य सरकारी निकाय तथा गैरसरकारी संस्थाबाट उपलब्ध गराईने निःशुल्क कानूनी सहायतालाई समेत समेटेर समन्वयात्मक रुपमा एकीकृत कानूनी सहायता उपलब्ध गराउने) सँग सम्बन्धितः***

२६. जिल्ला कानूनी सहायता समिति, वैतनिक कानून व्यवसायी तथा कानूनी सहायता प्रदान गर्ने अन्य निकायबाट प्रदान गरिने निःशुल्क कानूनी सहायतालाई एकीकृत तथा व्यवस्थित गर्ने,
२७. निःशुल्क कानूनी सहायता उपलब्ध गराउनमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा संलग्न सबै निकायहरु बीच सिफारिस (रेफरल) प्रणाली विकास गर्ने ।

***नीति नं. ९ (एकीकृत कानूनी सहायताको लागि सरोकारवाला निकायहरुको प्रतिनिधित्व रहने गरी आवश्यक संस्थागत व्यवस्था गर्ने) सँग सम्बन्धितः***

२८. जिल्लास्तरमा जिल्ला अदालत, जिल्ला सरकारी वकील कार्यालय र जिल्ला बार एशोसिएशनको प्रतिनिधित्व रहने गरी एकीकृत संस्थागत संरचनाको व्यवस्था मिलाउने,
२९. जिल्ला अदालतमा कार्य गर्ने वैतनिक कानून व्यवसायीको सेवा र नेपाल बार एशोसिएशन मार्फत सञ्चालन गरिएको स्वेच्छिक निःशुल्क कानूनी सेवालाई दोहोरो नपर्ने गरी सेवा प्रवाहको व्यवस्था मिलाउने ।

***नीति नं. १० (न्यायिक निकायका अतिरिक्त अर्धन्यायिक निकाय तथा विवाद समाधानका बैकल्पिक संयन्त्रहरुमा समेत निःशुल्क कानूनी सहायतालाई क्रमशः विस्तार गर्ने) सँग सम्बन्धितः***

३०. मेलमिलाप तथा विवाद समाधानका बैकल्पिक उपायमा समेत निःशुल्क कानूनी सहायता उपलब्ध गराउने,
३१. अर्धन्यायिक निकायमा पेश गर्नु पर्ने लिखत तयारी, मुद्दामा पक्षको तर्फबाट कानून व्यवसायीबाट प्रतिनिधित्व र आवश्यकता अनुसार मनोसामाजिक परामर्श सेवा समेत उपलब्ध गराउने ।

***नीति नं. ११ (देवानी तथा फौजदारी मुद्दा मामिलाको सबै चरणमा निःशुल्क कानूनी सहायता उपलब्ध गराउने) सँग सम्बन्धितः***

३२. मुद्दामा शुरु निवेदन तथा लिखत तयारी लगायत मुद्दा मामिलाको सुनुवाई पूर्वदेखि फैसला कार्यान्वयनसम्मका सबै चरणमा निःशुल्क कानूनी सहायता उपलब्ध गराउने ।

***नीति नं. १२ ( गैरसरकारी क्षेत्रले सम्बन्धित जिल्ला कानूनी सहायता समितिसंग समन्वयमा रहेर निःशुल्क कानूनी सहायता उपलब्ध गराउने व्यवस्था गर्ने) सँग सम्बन्धितः***

३३. राष्ट्रिय कानूनी सहायता परिषद्मा सूचीकृत भएका गैरसरकारी संस्थाले कानूनी सहायता प्रदान गर्ने व्यवस्था गर्ने,
३४. गैरसरकारी संस्थाबाट प्रदान गरिने कानूनी सहायतालाई कानूनी सचेतना, परामर्श तथा लिखत तयार गर्ने, कानूनी सहायता समिति तथा कानूनी सहायता प्रदान गर्ने अधिकृतको क्षमता अभिवृद्धिको कार्यमा जोड दिने,
३५. राष्ट्रिय कानूनी सहायता परिषद्ले कानूनी सहायता प्रदान गर्ने जिल्ला र क्षेत्र निर्धारण गर्ने,
३६. निःशुल्क कानूनी सहायताको सेवा प्रदायकलाई सूचीकृत गर्दा कार्यक्षेत्रगत शर्त तोक्ने गरी कानूनी व्यवस्था गर्ने ।

***नीति नं. १३ (एकीकृत कानूनी सहायताको लागि छुट्टै कोषको व्यवस्था गर्ने) सँग सम्बन्धितः***

३७. नेपाल सरकारले वैतनिक कानून व्यवसायी, कानूनी सहायता समिति तथा अन्य सरकारी निकायलाई प्रदान गर्दै आएको रकम र कुनै व्यक्ति, संस्था वा निकायले सहयोगको रुपमा उपलब्ध गराएको रकम कोषमा राख्ने,
३८. कोषमा रहेको रकम कानूनी सहायताको लागि मात्र उपलब्ध गराउने ।

***नीति नं. १४ (सेवा प्रदायकको आचार संहिताको विकास गर्ने र कामको मूल्याङ्कनको आधारमा सेवा प्रदायकलाई पुरस्कार तथा कारबाहीको व्यवस्था गर्ने) सँग सम्बन्धितः***

३९. सेवा प्रदायकको आचार संहिता बनाई लागू गर्ने,
४०. सम्बन्धित न्यायाधीश, जिल्ला कानूनी सहायता समिति तथा सेवाग्राहीको पृष्ठपोषणको आधारमा सेवा प्रदायकको मूल्याङ्कन गर्ने,
४१. स्वेच्छिक निःशुल्क कानूनी सेवा प्रदान गर्ने कानून व्यवसायीहरुलाई सम्मान वा पुरस्कृत गर्ने तथा निजहरुले उपलब्ध गराएको सेवाको आधारमा मूल्याङ्कन गर्ने व्यवस्था गरी त्यस्तो सेवा प्रदान गर्न प्रोत्साहन गर्ने ।

***नीति नं. १५ (एकीकृत कानूनी सहायता प्रणालीको लागि समन्वय, सहकार्य, अनुगमन, मूल्याङ्कन र प्रतिवेदन प्रणालीको विकास गर्ने) सँग सम्बन्धितः***

४२. एकीकृत कानूनी सहायता प्रणालीको अनुगमन, मूल्याङ्कन र प्रतिवेदनको जिम्मेवार अधिकारी तोक्ने,
४३. एकीकृत कानूनी सहायता प्रणालीको अनुगमन, मूल्याङ्कन र प्रतिवेदनको ढाँचा तय गर्ने,
४४. जिल्ला कानूनी सहायता समितिले गैरसरकारी संस्थाबाट प्रदान गरिने कानूनी सहायता सेवाको अनुगमन तथा मूल्यांकन गर्ने ।

## १०. संस्थागत संरचना :

### १. राष्ट्रिय कानूनी सहायता परिषद्‌को व्यवस्था

निःशुल्क कानूनी सहायता सेवालाई सहज तथा प्रभावकारी रुपमा उपलब्ध गराउनको लागि नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय तथा नेपाल बार एशोसिएशनको समन्वय, सहभागिता र सहकार्य हुने गरी हालको संस्थागत संरचनाको पुनसंरचना गरिनेछ । निःशुल्क कानूनी सहायता सम्बन्धमा नेपाल सरकारसँग समन्वय तथा सहकार्यको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा निःशुल्क कानूनी सहायता सम्बन्धी काम गर्न बेग्लै महाशाखाको व्यवस्था गरी अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरिनेछ । प्रदेश सरकार, उच्च अदालत, जिल्ला अदालत तथा सरकारी वकील कार्यालयसँगको समन्वय र सहकार्यमा प्रदेश तथा जिल्लास्तरमा समेत निःशुल्क कानूनी सहायता सम्बन्धी संयन्त्रको व्यवस्था गरी कानूनी सहायता सेवा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । यसको लागि हालको केन्द्रीय कानूनी सहायता समितिको संस्थागत संरचनालाई परिवर्तन गरी बृहत् कार्यक्षेत्र सहितको राष्ट्रिय कानूनी सहायता परिषद्‌को व्यवस्था गरिनेछ । कानूनी सहायताको लागि सर्वोच्च निकायको रुपमा रहने सो परिषद्‌को गठन देहाय बमोजिम हुने गरी व्यवस्था गरिनेछ :-

| | | |
|---|---|---|
| (क) | कानून, न्याय तथा संसदीय मामिला मन्त्री | -अध्यक्ष |
| (ख) | महान्यायाधिवक्ता | - सदस्य |
| (ग) | मुख्य रजिष्ट्रार, सर्वोच्च अदालत | - सदस्य |
| (घ) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको सचिव (कानून) | - सदस्य |
| (ङ) | नेपाल सरकारको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सचिव | - सदस्य |
| (च) | नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| (छ) | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सचिव | - सदस्य |
| (ज) | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सचिव | - सदस्य |
| (झ) | राष्ट्रिय महिला आयोगको सचिव | - सदस्य |
| (ञ) | नेपाल बार एशोसिएशनको अध्यक्ष | - सदस्य |
| (ट) | कानूनी सहायता प्रदान गर्ने संस्थाहरुमध्येबाट राष्ट्रिय कानूनी सहायता परिषद्‌ले तोकेको संस्थाको प्रतिनिधि | - सदस्य |

(ठ) अध्यक्ष, नेपाल नगरपालिका संघ -सदस्य

(ड) अध्यक्ष, राष्ट्रिय गाउँपालिका महासंघ -सदस्य

(ढ) नेपालका विश्वविद्यालय मध्येबाट अध्यक्षले तोकेको कुनै विश्वविद्यालयको कानून संकायको डीन -सदस्य

(ण) कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सम्बन्धित महाशाखाको प्रमुख -सदस्य-सचिव

परिषद्को काम कारबाहीलाई समन्वयात्मक तथा प्रभावकारी बनाउनका लागि परिषद्को बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ तथा सरोकारवालालाई आमन्त्रण गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

## २. राष्ट्रिय कानूनी सहायता परिषद्को काम, कर्तव्य र अधिकार

राष्ट्रिय कानूनी सहायता परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने गरी व्यवस्था गरिनेछ :-

१. निःशुल्क कानूनी सहायता सम्बन्धी एकीकृत कार्यक्रम तथा कार्ययोजना निर्धारण गर्ने,
२. प्रदेश कानूनी सहायता समिति तथा जिल्ला कानूनी सहायता समितिको काम कारबाहीको रेखदेख र नियन्त्रण गर्ने तथा त्यस्ता समितिहरुलाई आवश्यकता अनुसार निर्देशन दिने,
३. निःशुल्क कानूनी सहायता सम्बन्धी कार्यको लागि आर्थिक स्रोतको व्यवस्थापन तथा बजेट पारित गर्ने,
४. निःशुल्क कानूनी सहायता सम्बन्धी कामको लागि आवश्यकता अनुसार विभिन्न उपसमिति गठन गर्ने तथा त्यस्ता उपसमितिको काम, कर्तव्य र अधिकार तोक्ने,
५. निःशुल्क कानूनी सहायता प्रदान गर्ने प्रयोजनको लागि न्यूनतम आय निर्धारण गर्ने प्रक्रिया निर्धारण गर्ने,
६. निःशुल्क कानूनी सहायता कोष संचालन गर्ने,
७. विभिन्न सङ्घ संस्थाबाट प्रदान गरिने कानूनी सहायतालाई नियमन गर्नको लागि आवश्यक मापदण्ड स्वीकृत गर्ने,
८. निःशुल्क कानूनी सहायताको अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने,
९. निःशुल्क कानूनी सहायता सेवा प्रदायकको आचार संहिता निर्धारण गर्ने,
१०. कार्यकारी समितिले पेश गरेको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने,
११. अन्य आवश्यक कार्य गर्ने ।

## ३. कार्यकारी समितिको गठन :

राष्ट्रिय कानूनी सहायता परिषद्को नीतिगत निर्णय र निर्देशनमा रही नियमित काम गर्नको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय, नेपाल बार एशोसिएशनको प्रतिनिधित्व हुने गरी एक

कार्यकारी समिति रहने व्यवस्था गरिनेछ । त्यस्तो कार्यकारी समितिमा नेपाल बार एशोसिएशनको तर्फबाट दुई जना पदाधिकारीको प्रतिनिधित्व रहने गरी व्यवस्था मिलाइनेछ ।

## ४. कार्यकारी समितिको काम, कर्तव्य र अधिकार

कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने गरी व्यवस्था गरिनेछ :–

१. राष्ट्रिय कानूनी सहायता परिषद्बाट स्वीकृत मापदण्डको अधीनमा रही निःशुल्क कानूनी सहायता प्रदान गर्ने सङ्घ संस्थालाई सूचीकृत गरी सोको अभिलेख राख्ने,
२. राष्ट्रिय कानूनी सहायता परिषद्को वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि परिषद्मा पेश गर्ने,
३. निःशुल्क कानूनी सहायताको लागि आवश्यक पर्ने रकम मातहतका कानूनी सहायता समितिलाई उपलब्ध गराउने,
४. कानूनी सहायता समितिहरुको काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने,
५. प्रदेश कानूनी सहायता समिति तथा जिल्ला कानूनी सहायता समितिहरुबाट उपलब्ध गराइएका कानूनी सहायताको विषयमा प्राप्त विवरणको आधारमा निःशुल्क कानूनी सहायता प्रदान गरिएका मुद्दाहरुको विवरण, खर्च तथा समस्याको विषयहरु समेत समावेश गरी प्रत्येक चार महिनामा चौमासिक र प्रत्येक आर्थिक वर्ष समाप्त भए पछि वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रिय कानूनी सहायता परिषद् समक्ष पेश गर्ने,
६. कानूनी सहायता सम्बन्धी विद्यमान ऐन, नियमावली तथा आचार संहिताको विपरित काम कारबाही गर्ने कानूनी सहायता समितिका पदाधिकारी, कर्मचारीलाई कारबाही गर्ने,
७. कानूनी सहायता प्रदान गर्ने कानून व्यवसायीहरुको मापदण्ड तयार गरी स्वीकृतिको लागि राष्ट्रिय कानूनी सहायता परिषद् समक्ष पेश गर्ने,
८. जनसाधारणलाई कानून र निःशुल्क कानूनी सहायता सम्बन्धमा जानकारी गराउन विभिन्न विषयमा परिचयात्मक पुस्तक, पुस्तिका, विवरण आदिको प्रकाशन तथा वितरण गर्ने र सो कामको लागि अनुसन्धान गर्ने, गराउने,
९. राष्ट्रिय कानूनी सहायता परिषद्को निर्णय कार्यान्वयन गर्ने, गराउने,
१०. कानूनी सहायता सम्बन्धी अन्य आवश्यक काम कारबाही गर्ने ।

## ५. प्रदेशस्तरको सङ्गठन संरचना

एकीकृत रुपमा कानूनी सहायता उपलब्ध गराउनको लागि प्रत्येक प्रदेशमा सम्बन्धित प्रदेश सरकारले गठन गरे बमोजिमको प्रदेश कानूनी सहायता समिति रहने व्यवस्था गरिनेछ । प्रदेश कानूनी सहायता समितिले प्रदेश र स्थानीय स्तरमा कानूनी सहायता कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने, प्रदेश अन्तर्गतका जिल्ला कानूनी सहायता समितिहरु बीच समन्वय गर्ने तथा जिल्ला कानूनी सहायता समितिहरुको काम, कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ ।

## ६. जिल्लास्तरको सङ्गठन संरचना

प्रत्येक जिल्लामा देहाय बमोजिमका सदस्यहरु रहेको जिल्ला कानूनी सहायता समिति गठन गर्ने व्यवस्था गरिनेछ :-

| | | |
|---|---|---|
| (क) | जिल्ला न्यायाधीश, जिल्ला अदालत | -अध्यक्ष |
| (ख) | जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय | -सदस्य |
| (ग) | जिल्लास्थित बार एशोसिएशनका एकाइहरु मध्ये माथिल्लो एकाइको अध्यक्ष | -सदस्य |
| | तर काठमाडौं जिल्लाको हकमा जिल्ला बार एशोसिएशनको अध्यक्ष सदस्य हुनेछ । | |
| (घ) | जिल्लाको सदरमुकाम रहेको स्थानीय तहको महिला तथा बालबालिका सम्बन्धी शाखाको प्रमुख | -सदस्य |
| (ङ) | जिल्ला प्रहरी कार्यालयको प्रमुख वा निजले तोकेको सो कार्यालयको महिला अधिकृत | -सदस्य |
| (च) | जिल्लाका कानून व्यवसायीहरु मध्येबाट जिल्ला बार एकाइबाट मनोनीत एक जना | -सदस्य |
| (छ) | जिल्लाका कानूनी सहायता प्रदायक गैरसरकारी संस्थाको प्रतिनिधित्व हुने गरी जिल्ला कानूनी सहायता समितिबाट मनोनीत कम्तीमा एक जना | -सदस्य |
| (ज) | सदरमुकाम रहेको स्थानीय तहको न्यायिक समितिको संयोजक | -सदस्य |
| (झ) | श्रेस्तेदार वा निजले तोकेको अधिकृत, जिल्ला अदालत | -सदस्य-सचिव |

जिल्ला कानूनी सहायता समितिको कार्य सञ्चालन तथा प्रतिवेदनको लागि जिल्ला अदालतमा सचिवालय रहनेछ र हाल जिल्ला कानूनी सहायता समितिका कर्मचारीबाट प्रदान गरिदै आएको कानूनी सहायतालाई एकीकृत तथा प्रभावकारी रुपमा प्रदान गर्न निजले सम्पादन गर्ने काम कारबाहीलाई प्रभावकारी बनाउन आवश्यक व्यवस्था गरिनेछ ।

जिल्ला कानूनी सहायता समितिसँगको समन्वयमा सम्बन्धित स्थानीय तहले आ-आफ्नो क्षेत्रमा कानूनी सहायता प्रदान गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

राष्ट्रिय कानूनी सहायता परिषद्बाट स्वीकृत मापदण्डको आधारमा जिल्ला कानूनी सहायता समितिले विषय विज्ञता तथा समावेशी सिद्धान्तको आधारमा कानूनी सहायता प्रदान गर्ने कानून व्यवसायीहरुको सूची (रोष्टर) तयार गर्नेछ ।

जिल्ला कानूनी सहायता समितिको काम कारबाहीमा सहयोग गर्नको लागि विशिष्टीकृत उपसमितिको रुपमा देवानी तथा फौजदारी विषयको लागि छुट्टाछुट्टै उपसमिति गठन गर्न सकिने व्यवस्था गरिनेछ । त्यसरी उपसमिति गठन गर्दा देवानी मुद्दामा कानूनी सहायता उपलब्ध गराउने सम्बन्धमा जिल्ला न्यायाधिवक्ताको

अध्यक्षतामा र फौजदारी मुद्दामा कानूनी सहायता उपलब्ध गराउने सम्बन्धमा जिल्ला बार एशोसिएशनको अध्यक्षको अध्यक्षतामा गठन गरिने व्यवस्था गरिनेछ । जिल्ला बार एशोसिएशनको अध्यक्षको अध्यक्षतामा गठन गरिने उपसमितिले घुम्ती कानूनी सहायता सेवा सञ्चालन गर्ने काम समेत हेर्ने गरी व्यवस्था गरिनेछ ।

**७. राष्ट्रिय कानूनी सहायता परिषद् र कार्यकारी समितिको सचिवालय**

राष्ट्रिय कानूनी सहायता परिषद् र कार्यकारी समितिको सचिवालय कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा रहने गरी व्यवस्था गरिनेछ । निःशुल्क कानूनी सहायता सम्बन्धी एकीकृत अभिलेख तथा प्रतिवेदनको काम कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सम्बन्धित महाशाखाले गर्ने गरी व्यवस्था गरिनेछ । राष्ट्रिय कानूनी सहायता परिषद् र कार्यकारी समितिको सचिवालयको लागि आवश्यक पर्ने कर्मचारी तथा अन्य स्रोत साधनको व्यवस्था कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले गर्नेछ ।

## ११. नीतिको कार्यान्वयनः

कानूनी सहायता नीतिको कार्यान्वयनको लागि निःशुल्क कानूनी सहायता सम्बन्धी संस्थागत संयन्त्रको मूल जिम्मेवारी रहने गरी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय तथा नेपाल बार एशोसिएशनको सहयोगमा उपयुक्त व्यवस्था मिलाइने छ । त्यसैगरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र महिला, बालबाालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय तथा मातहतका कार्यालयहरुका बीचमा आपसी सहयोग तथा सहकार्यलाई प्राथमिकतामा राखी कानूनी सहायताको प्रभावकारी कार्यान्वयनको लागि उपयुक्त वातावरणको सिर्जना गरिनेछ । कानूनको विषयमा अध्यापन गराउने विश्वविद्यालयका कानून सङ्काय तथा गैरसरकारी संस्थासँग सहकार्य गर्दै नीतिको कार्यान्वयनमा जोड दिइनेछ । निःशुल्क कानूनी सेवाको बारेमा व्यापक जानकारी प्रवाह गर्ने तथा कार्यान्वयनका लागि प्रस्ताव गरिएका संस्थागत संरचना र जनशक्तिको क्षमता विकास गरिनेछ । यसको लागि लाग्ने आर्थिक स्रोत एकमुष्ट रुपमा परिचालन गरिनेछ ।

## १२. कानूनी व्यवस्थामा सुधार :

यस नीतिको व्यवस्थालाई कार्यान्वयनको लागि मौजुदा कानूनी सहायता सम्बन्धी ऐन र नियमावलीमा भएको व्यवस्था नीति अनुकुल हुने गरी आवश्यक परिमार्जन गरिनेछ । नीतिको व्यवस्था कार्यान्वयन गर्नको लागि आवश्यक अन्य कानूनी पूर्वाधार समेत तयार गरिनेछ ।

## १३. अनुगमन तथा मूल्याङ्कन :

निःशुल्क कानूनी सहायता सम्बन्धी कार्यक्रमको कार्यान्वयन प्रभावकारी भए नभएको तथा यस नीतिको उद्देश्य प्राप्त भए नभएको विषयमा आन्तरिक रुपमा अनुगमन गर्ने कार्य निःशुल्क कानूनी सहायता प्रदान गर्ने संयन्त्रबाट हुनेछ । निःशुल्क कानूनी सहायता प्रदान गर्ने संस्थाको कामकारबाही तथा कार्यक्रमको प्रभावकारीताको विषयमा सर्वोच्च अदालतको योजना तथा अनुसन्धान सम्बन्धी विषय हेर्ने महाशाखा, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको निःशुल्क कानूनी सहायता हेर्ने महाशाखा, महान्यायाधिवक्ताको कार्यालयको सम्बन्धित महाशाखाले संयुक्त रुपमा अनुगमन तथा मूल्याङ्कन गर्नेछन् । वर्षको कम्तीमा एकपटक सेवाग्राहीको पृष्ठपोषण सहितको अनुगमन गर्ने कार्यतालिका बनाई कार्यान्वयनमा ल्याइनेछ ।

**१४. वार्षिक प्रतिवेदन सार्वजनिक गर्नु पर्ने** :

राष्ट्रिय कानूनी सहायता परिषद्ले कानूनी सहायता समितिहरुबाट उपलब्ध गराइएको कानूनी सहायताको विषयमा प्राप्त विवरण लगायतका आधारमा तयार गरिएको वार्षिक प्रतिवेदन राष्ट्रिय कानूनी सहायता परिषद्बाट स्वीकृत भए पश्चात उपयुक्त माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ ।

**१५. नीतिको पुनरावलोकन तथा सुधार** :

नीतिको प्रभावकारीता, उपयुक्तता र उपादेयताको विषयमा प्रत्येक पाँच वर्षमा मूल्याङ्कन गरी नीति कार्यान्वयनको सन्दर्भमा प्राप्त अनुभवको आधारमा नीतिमा समसामयिक पुनरावलोकन तथा सुधार गरिनेछ ।